घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या. : २०८०/८१
चलानी नं.: ४०२

गण्डकी प्रदेश, नेपाल

मितिः २०८०/०८/२१

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

प्रस्तुत विषयमा मिति २०८०/०८/२० गतेको सहकारी समितिको बैठकमा सहकारी संस्थाहरुलाई सिफारिस दिनु पूर्व घरपझोङ गाउँपालिकाको सहकारी शाखाबाट स्वीकृत गराएर मात्र दिने निर्णय गरिएको हुदाँ निर्णय कार्यान्वयन लागि अनुरोध छ, साथै उक्त बैठकको निर्णयको छाँयाप्रति यसै पत्र साथ उपलब्ध गराईएको व्यहोरा अनुरोध छ ।

८०/०८/२१

(वेदहरि अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा स्याङ उन्नत गाई पालन तथा दुग्ध उत्पादक सहकारी संस्था लि. दर्ता गर्ने सम्बन्धमा उक्त सहकारीको केही शेयर सदस्यहरु सोहि कार्य क्षेत्र तथा अन्य क्षेत्रका एकै प्रकृतिको सहकारीहरुमा दोहोरो सदस्यता लिएको देखिएकोले, घरपझोङ गाउँपालिका सहकारी ऐन २०७७ को दफा २२ बमोजिम राजिनामा उक्त संस्थाको समितिबाट स्वीकृत भएपछि दर्ता गरिने निर्णय गरियो।

२. प्रस्तावना नं. २ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च. नं. ४०७, मिति २०८०/०८/०८ गतेको पत्रानुसार "बचत तथा ऋणको कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने" भन्ने निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. प्रस्तावना नं. ३ उपर छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक बजेट कार्यक्रममा सहकारी संस्थाहरुलाई क्षमता विकासका लागि तालिम यही आउदो मंसिर २४ गते आइतबारबाट माउन्टेन इस्क्रिटसँग घरपझोङ गाउँपालिकाको साझेदारी मा COPOMIS र सैद्धान्तिक विषयहरुमा तालिम सञ्चालन गर्ने निर्णय गरियो।

<u>विविध</u>

४. सहकारी ऐन २०७७ को दफा २२ बमोजिम दोहोरो सदस्यता हटाउनका लागि घरपझोङ गापाकाका सबै सहकारी संस्थाहरुको सहकारी नियामावली, २०७७ को अनुसूची ६ बमोजिमको संचालक समितिको विवरण एवम् अध्यवधिक शेयर धनीको विवरण माग गर्ने निर्णय गरियो। उक्त विवरणमा दोहोरो सदस्यता लिएका सदस्यहरु पाईएमा सहकारी ऐन तथा नियमावली बमोजिम गर्ने भनी पत्राचार गर्ने निर्णय गरियो।

५. सहकारी संस्थाहरुमा हुने गतिविधिहरु तथा वार्षिक लेखापरिक्षणको प्रतिवेदन घरपझोङ गाउँपालिकाको कार्यालयमा अनिर्वायरुपले पठाउनु पर्ने भनी पत्राचार गर्ने निर्णय गरियो।

६. सहकारी संस्थाहरुलाई सिफारिस दिनु पूर्व घरपझोङ गाउँपालिकाको सहकारी शाखाबाट स्वीकृत गराएर मात्र दिने निर्णय गरियो साथै वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।